सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल


पत्र सङ्ख्याः २०८२/०८३

चलानी नं.

मितिः २०८२।१२।२५

# सूचना !! सूचना !! सूचना !!!

प्रत्येक वर्ष मनाइँदै आएको **व्यक्तिगत घटना दर्ता सप्ताह** यस वर्ष पनि मिति २०८३ साल **बैशाख १ गतेदेखि ७ गतेसम्म** देशव्यापी रूपमा सञ्चालन गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकारद्वारा जारी प्रचलित कानुन बमोजिम जन्म, मृत्यु, विवाह, बसाइँसराइ तथा सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरूको अनिवार्य दर्ता गर्ने व्यवस्था रहेको छ । व्यक्तिगत घटना दर्ता प्रणालीलाई प्रभावकारी, व्यवस्थित तथा सर्वसुलभ बनाउन तथा नागरिकलाई राज्यबाट प्रदान गरिने सेवा सुविधाहरूमा सहज, छरितो र पारदर्शी पहुँच सुनिश्चित गर्न यस सप्ताहको विशेष महत्व रहेको छ ।

व्यक्तिगत घटना दर्ता नगरेको अवस्थामा नागरिकले नागरिकता प्राप्ति, राष्ट्रिय परिचयपत्र प्राप्ती, शैक्षिक भर्ना, राहदानी निर्माण, सामाजिक सुरक्षा भत्ता, बीमा, सम्पत्ति हक हस्तान्तरण लगायतका विभिन्न सेवा सुविधाहरू प्राप्त गर्न कठिनाइ भोग्नुपर्ने हुन्छ । त्यसैले समयमै घटना दर्ता गर्नु नागरिकको अधिकार मात्र नभई कर्तव्य पनि हो भन्ने कुरा सबैमा स्पष्ट पार्न यस अभियानले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकाले घटना घटेको पैंतीस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकरीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं ।

साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लिखित नाम, थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरक परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ ।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो । व्यक्तिगत घटना घटेको पैंतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेबार नागरिकको परिचय दिऔं ।

थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा सम्पर्क गर्नुहोस् ।

अनिशा आचार्य
प्रमुख प्रशासकीय अधिकृत